ISSN: 3021-9353
Online

# सञ्चय कोष

ई-न्यूजलेटर
(कर्मचारी सञ्चय कोषको त्रैमासिक प्रकाशन)
वर्ष ११ । अंक ४४ ।
२०८० साउन-असोज

# कोषको ६२औं वार्षिकोत्सव भव्यताका साथ सम्पन्न



कोषले ६२औं वार्षिकोत्सव भव्यताका साथ मनाएको छ । यही भदौ ३१ गते आइतबार कोषले राष्ट्रिय सभागृह, प्रदर्शनीमार्गमा वार्षिकोत्सव मनाएको हो । कार्यक्रमको अध्यक्षता कोषका सञ्चालक समितिका अध्यक्ष डा. रामप्रसाद घिमिरेले गर्नुभएको थियो ।


कार्यक्रममा स्वागत मन्तव्य कोषका सह-प्रशासक जीवन कुमार कट्वालले गर्नु भएको थियो । कार्यक्रममा सञ्चय कोषका प्रशासक जितेन्द्र धितालले कोषको वर्तमान अवस्था र भावी कार्य योजनाको विवरण प्रस्तुत गर्नु भएको थियो । मन्तव्यका क्रममा कोषले प्रदान गर्ने स्वास्थ्योपचार कार्यक्रमको दायरा विस्तार समेत गरेको र त्यसमा कोषले सञ्चयकर्ताका पति वा पत्नी समेतलाई स्वास्थ्योपचार सुविधामा समेट्न लागेको जानकारी गराउनु भयो । साथै सो अवसरमा अन्य शाखा कार्यालयबाट पनि सरलचक्र कर्जा प्रवाह गर्ने योजना रहेको जानकारी प्रदान गरियो । २०७६ साल देखि योगदानमा आधारित निवृत्तभरण योजना र २०७७ देखि सार्वजनिक निकायको निवृत्तभरण तथा उपदान योजनाको सञ्चालन गर्दै आएको कोषले विज्ञान र प्रविधिको उच्चतम् प्रयोगलाई प्राथमिकता दिएको बताउनु भयो ।

कार्यक्रममा बोल्दै माननीय अर्थमन्त्री डा. प्रकाश शरण महतले कोषले सञ्चयकर्तालाई विश्वास दिलाउने काम गरेर उनीहरूको मन जित्न सफल भएको बताउनु भयो ।



कोषको वार्षिकोत्सवका अवसरमा प्रकाशित हुने कोष पत्रिकाको लोकार्पण माननीय अर्थमन्त्री महतबाट गरिएको थियो । कार्यक्रममा क्रियाशील कर्मचारी संगठनका अध्यक्षहरूबाट शुभकामना मन्तव्य व्यक्त गरिएको थियो ।

क्रमशः...




उक्त कार्यक्रममा राजस्व सचिव कोष सञ्चालक समितिका अध्यक्ष डा. रामप्रसाद घिमिरे, नेपाली सेना, नेपाल प्रहरीका उच्च अधिकारी, कोष सञ्चालक समितिका सदस्य लगायतको उपस्थिति थियो । कार्यक्रममा कोषमा ३५ वर्ष सम्म सेवा



पुर्‍याएका ६ जना कर्मचारीलाई सम्मान प्रदान गरियो । त्यसैगरी दीर्घ सेवा पदक, २ जना अधिकृतलाई र १५ वर्ष सेवा गरेबापत् सेवा पदक १२ जना कर्मचारीलाई प्रदान गरिएको थियो ।




वार्षिकोत्सवमा २०७९ सालको एसईई परीक्षामा उत्कृष्ट जीपीए ल्याई उत्तिर्ण हुने कर्मचारीका छोराछोरीलाई नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो । साथै वार्षिकोत्सवको अवसरमा आयोजना गरिएका विविध खेलकूद प्रतियोगितामा




विजयी हुने कर्मचारीहरूलाई पुरस्कार वितरण समेत गरिएको थियो । सो अवसरमा स्वेच्छिक कार्यक्रम (Go As you Like) अन्तर्गत सहभागी कर्मचारीले आफ्नो प्रस्तुतिले मनोरञ्जन प्रदान गरेका थिए ।





कोषमा हाल ५ लाख ८२ हजार सञ्चयकर्ता छन् । कोषले ५ खर्ब १२ अर्बभन्दा बढी वित्तीय स्रोतको परिचालन गर्नुका साथै निजामती सेवा, नेपाली सेना, नेपाल प्रहरी सेवा, सशस्त्र प्रहरी बल, नेपाल विशेष सेवा तथा सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका तथा सरकारको अनुदानमा सञ्चालन हुने केही सार्वजनिक निकायका कर्मचारीको योगदानमा आधारित निवृत्तभरण तथा उपदान योजना सञ्चालन गर्दै आएको छ । कोषले सात प्रदेशमा आठवटा कार्यालय र तीनवटा सेवाकेन्द्रबाट सेवा दिइरहेको छ ।

# सञ्चालकमा थापा नियुक्त



कोषको सञ्चालक समितिको सदस्यमा नेपाली सेनाका लेखा सहायक रथि विनोद थापा नियुक्त हुनु भएको छ । नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०८० असोज १६ गतेको निर्णयानुसार कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ को उपदफा (२) को (ख) बमोजिम थापालाई सञ्चालक समितिको सदस्यमा मनोनयन गरिएको हो ।

# KYC अद्यावधिक




२०८० साउनदेखि हालसम्म २० हजार बढी सञ्चयकर्ताको KYC अद्यावधिक गरिएको छ । हालसम्म ७ लाख २७ हजार बढी सञ्चयकर्ताको Individual KYC अद्यावधिक भैसकेको छ । त्यसैगरी यो आर्थिक वर्षको ३ महिनाको अवधिमा १ हजार ४ सय ७३ वटा Office KYC अद्यावधिक गर्ने कार्य सम्पन्न भएको छ । यो सँगै असोज मसान्तसम्ममा २८ हजार बढी कार्यालयको Office KYC अद्यावधिक गर्ने कार्य सम्पन्न भएको छ ।

# Departmental Talk को सुरुआत

कोषमा डिर्पाटमेन्टल टक कार्यक्रम सुरूआत गरिएको छ । कोषको मिति २०८० साउन २५ को निर्णयानुसार कोषको कुनै एक विभाग अन्तर्गत कार्यरत कर्मचारीहरूलाई अन्य बाँकी सबै विभागहरूको दैनिक कार्यका अतिरिक्त विभागको विभागगत, प्रक्रियागत, कार्यविधिगत पक्षको जानकारी आदानप्रदान गर्न, कार्य सम्पादनका असल अभ्यास तथा अनुभव साटासाट गर्न, ज्ञानमा आधारित संगठनात्मक ढाँचाको विकास गर्न तथा नेतृत्व लिने प्रणालीको विकास गर्ने उद्देश्य हासिल गर्नको लागि महिनामा कम्तिमा एउटा विभागको प्रस्तुती रहने गरी Departmental Talk कार्यक्रम सञ्चालन गर्न थालिएको छ ।

यसै क्रममा मिति २०८० भदौ १ गते कोषको पुल्चोकस्थित तालिम हलमा योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागको तर्फबाट विभागगत प्रस्तुतीकरणका लागि विभागीय प्रमुख ध्रुव भट्टराई र वरिष्ठ प्रबन्धक नगेन्द्र पौडेलबाट संयुक्त प्रस्तुतीकरण गरिएको थियो ।

# सरलचक्र कर्जा अन्य शाखाबाट प्रदान गरिँदै




सरलचक्र कर्जालाई कोषका अन्य शाखा कार्यालयहरूबाट पनि प्रदान गरिने भएको छ । यस भन्दा अघि काठमाण्डौस्थित मुख्य कार्यालय बाट मात्र प्रदान गरिदै आएकोमा अबदेखि कोषका सम्पूर्ण शाखा कार्यालय तथा सेवा केन्द्र धनकुटाबाट समेत सो कर्जा प्रदान गर्न लागिएको हो । सामाजिक तथा अन्य भैपरी आउने कार्यको आवश्यकता पूरा गर्ने प्रयोजनका लागि प्रदान गरिने कर्जाको अधिकतम सीमा ३० लाख रहेको छ ।

# प्रभातफेरी कार्यक्रम




कोषको ६२औं वार्षिकोत्सवको उपलक्ष्यमा भाद्र ३० गते प्रभातफेरी कार्यक्रम आयोजना गरियो । केन्द्रीय कार्यालय पुल्चोकबाट बिहान ६ बजेबाट सुरू भएको प्रभातफेरी कुपुण्डोल हुँदै माइतीघर मण्डला परिक्रमा गरी पुनः कुपुण्डोल हुँदै कोष कार्यालय पुल्चोकमा फर्केर समापन भएको थियो । कार्यक्रममा सशस्त्र प्रहरीको ब्याण्ड समेत सरिक थियो । कोषका कर्मचारीको बाक्लो उपस्थिति रहेको सो कार्यक्रम भव्यताका साथ सम्पन्न भएकोमा कोषका प्रशासक जितेन्द्र धितालले सम्पूर्ण सहभागिहरूलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

# ५८ जना कर्मचारीलाई तालिम



कोषले आर्थिक वर्ष २०८०/८१ को पहिलो तीन महिनामा कोषमा कार्यरत ५८ जना कर्मचारीलाई तालिम प्रदान गरेको छ । जसमा ५२ जना कर्मचारी स्वदेशी तथा ६ जना कर्मचारीलाई वैदेशिक तालिम प्रदान गरिएको हो ।

# सामाजिक सुरक्षामा करिब १४ करोड रकम वितरण



आर्थिक वर्ष २०८०/८१ को पहिलो तीन महिनामा कोषले कुल ६ हजार ४ सय ३० सञ्चयकर्तालाई करिब १४ करोड रकम प्रदान गरेको छ । सञ्चयकर्ता स्वास्थ्योपचार सुविधा अन्तर्गत साधारण रोगतर्फ १२ सय ७६ सञ्चयकतालाई ४ करोड ८२ लाख, घातक रोगका लागि २५२ सञ्चयकर्तालाई ४ करोड १ लाख प्रदान गरिएको छ । त्यसैगरी सुत्केरी तथा शिशु स्याहार सुविधा अन्तर्गत ४ हजार ६ सय ६९ जनालाई ३ करोड ५० लाख, काजकिरिया अनुदान सुविधा १९७ जनाका आश्रित परिवारलाई ७८ लाख ८० हजार र दुर्घटना क्षतिपूर्ति सुविधा अन्तर्गत ३६ जनालाई ७२ लाख रकम प्रदान गरिएको छ ।

# शाखा कार्यालय पोखरा

## अन्तरक्रिया कार्यक्रम सम्पन्न

शाखा कार्यालय पोखराले KYC अद्यावधिकरण गर्ने कार्यलाई तीव्र रूपमा अघि बढाएको छ । यसै क्रममा मिति २०८० असोज ६ र ७ गते शत्रुभञ्जन गुल्म, अर्थङ्गे ब्यारेक म्याग्दीमा व्यक्तिगत KYC अद्यावधिक एवं अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । त्यसैगरी असोज १६ र १७ नं. २३ बाहिनी अड्डा, शेराडील ब्यारेक बाग्लुङ्मा व्यक्तिगत KYC अद्यावधिक एवं अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । त्यस्तै असोज १८ र १९ गते नं. ३ बाहिनी अड्डा खैरेनीटार ब्यारेक तनहुँमा व्यक्तिगत KYC अद्यावधिक एवं अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।




### सम्झौता सम्पन्न

शाखा कार्यालय पोखरा र माछापुच्छे बैंकबीच २०८० असोज ५ गते डिजिटल परिचयपत्रको लागि QR प्रविधिमा आधारित भुक्तानी गर्ने प्रकृयाको सम्झौता सम्पन्न भयो । यस सम्झौतासँगै सेवा प्रवाहमा थप सहजता मिलेको छ ।

### कार्यालय प्रमुखमा सुवेदी

शाखा कार्यालय पोखराको शाखा प्रमुखमा मदन सुवेदीलाई जिम्मेवारी प्रदान गरिएको छ । २०८० असोज २९ देखि उहाँले कार्यालय प्रमुखको जिम्मेवारी सम्हाल्नु भएको हो ।



# शाखा कार्यालय विराटनगर

## खेलकुद तथा अन्य कार्यक्रम सम्पन्न



कोषको ६२ औं वार्षिकोत्सवको अवसरमा विराटनगर शाखा कार्यालयद्वारा विभिन्न कार्यक्रमहरूको आयोजना गरियो । यस अन्तर्गत खेलकुद तथा संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरू सञ्चालन गरिएको थियो ।

शाखाका उप-प्रबन्धक रविन्द्र महतको संयोजकत्वमा गठन भएको खेलकुद समितिका अनुसार यस अवसरमा विविध खेलहरू आयोजना गरिएको थियो । बुद्धिचाल प्रतियोगितामा काशीनाथ खतिवडा, दौडमा सागर चौधरी, ब्याडमिण्टनमा प्रेमकुमार साह र सुरेन्द्र प्रसाद चौधरी, म्युजिकल चियरमा नगेन्द्र चौधरी तथा हाँडीफोर खेलमा तुलसी अधिकारीले प्रथम स्थान हासिल गरी पुरष्कृत हुनुभएको थियो । विजयी खेलाडीहरूलाई कोषका पूर्व नायव मुख्य अधिकृत तथा विराटनगर शाखा कार्यालयका पूर्व प्रमुख दुर्गा प्रसाद सुवेदीले पुरस्कार वितरण गनुभएको थियो । यसै अवसरमा विराटनगर शाखा कार्यालयका तर्फबाट विराटनगर मधुमारास्थित श्री विराटेश्वर आश्रममा आश्रय लिइरहनुभएका ५२ जना जेष्ठ नागरिक तथा फरक क्षमता भएका व्यक्तिहरूलाई फलफूल तथा खाद्यान्न वितरण पनि गरिएको थियो ।

### कार्यालय प्रमुखमा अर्याल

शाखा कार्यालय विराटनगरको शाखा प्रमुखमा रामशरण अर्याललाई जिम्मेवारी प्रदान गरिएको छ । २०८० असोज २९ देखि उहाँले कार्यालय प्रमुखको जिम्मेवारी सम्हाल्नु भएको हो ।



## अन्तरक्रिया कार्यक्रम सम्पन्न



जिल्लास्थित कार्यालय प्रमुखहरूको बैठकमा कर्मचारी सञ्चयकोषबाट प्रवाह हुने सेवा सुविधा सम्वन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रममा जिल्लास्थित विभिन्न कार्यालयका कार्यालय प्रमुखहरू, नेपाली सेना, नेपाल प्रहरी सशस्त्र प्रहरीका प्रमुख सहित करिब ५० जनाको सहभागिता रहेको थियो । कार्यक्रममा शाखा कार्यालय धनगढीका कार्यालय प्रमुख सन्तोष पौड्यालले कोषले प्रदान गर्ने सेवा सुविधा र सेवा प्राप्त गर्ने तरिका सम्वन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो । सो अवसरमा विभिन्न कार्यालयका प्रमुखको जिज्ञासाको बारेमा कोषको तर्फबाट धारणा राख्नुभएको थियो ।

कार्यक्रममा सेती अञ्चल अस्पतालको मेडिकल सुपरिटेन्डट डा. हेम राज पाण्डेले कोषको औषधी उपचार कार्यक्रमको सम्बन्धमा जिज्ञासा राख्नु भएको उक्त अवसरमा कर्मचारी सञ्चय कोषले सामाजिक सुरक्षाको क्षेत्रमा गरेको कार्यको प्रशंसा समेत गर्नुभएको थियो । जिल्लास्थित अन्य कार्यालयका प्रमुखहरूले कोषको सेवा सुविधा र सेवा प्राप्त गर्ने प्रक्रिया सम्बन्धमा जानकारी पाउँदा खुसी व्यक्त गर्नु भएको थियो ।

## Onsite KYC अद्यावधिकीकरण र डिजिटल परिचयपत्र वितरण

शाखा कार्यालय धनगढीद्वारा Onsite KYC अद्यावधिकीकरण तथा डिजिटल परिचयपत्र वितरणलाई अभियान कै रूपमा अघि बढाएको छ । यसै क्रममा मिति २०७९ भदौ २९ र ३० गते महेन्द्रनगरस्थित २५ नं. बाहिनीमा Onsite KYC, Onsite डिजिटल परिचयपत्र वितरण र अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।




त्यस्तै सोही मितिमा २५ नं. बाहिनीमा नयाँ नियुक्त भएका करिब १०५ जना सैनिक जवानको Onsite KYC र करिव २४० जना सैनिकलाई Onsite डिजिटल परिचयपत्र वितरण गरिएको थियो । त्यसगैरी डोटी जिल्ला, राजपुरस्थित नेपाली सेनाको नं. ५ बाहिनी अड्डामा २०८० आश्विन ५ र ६ गते Onsite-KYC तथा डिजिटल परिचयपत्र वितरण कार्यक्रम सम्पन्न गरेको छ । उक्त कार्यक्रममा बाहिनी अड्डाका नव नियुक्त सैन्य दर्जाहरूको व्यक्तिगत KYC अद्यावधिक गरी कोषले पछिल्लो समयदेखि प्रदान गर्दै आएको डिजिटल सञ्चयकर्ता परिचयपत्र वितरण पनि गरेको हो । शाखा कार्यालयले सो अवसरमा कुल १०६ जना सञ्चयकर्ताको KYC अद्यावधिक गर्नुको साथै ९९ जना सञ्चयकर्तालाई डिजिटल परिचयपत्र वितरण गरिएको थियो । मिति २०८० असोज १७ गते देखि मिति २०८० असोज २० गते सम्म सूदुरपश्चिम प्रदेशको अछाम, बाजुरा र डडेल्धुरा जिल्लास्थित गोरख बक्स गण, मंगलसेन, दुर्गा भञ्जन गुल्म, मार्तडी र रणबम गण, डडेल्धुरा मा ३२० जना सैनिक जवानहरूको KYC अद्यावधिक गर्ने कार्य सम्पन्न भएको छ । कार्यक्रमहरूमा कोषका कर्मचारीबाट कोषले प्रदान गर्ने सेवा सुविधा बारे प्रस्तुतीकरण मार्फत जानकारी प्रदान समेत गरिएको थियो ।

# शाखा कार्यालय हेटौडा

## वार्षिकोत्सव गतिविधि









शाखा कार्यालय हेटौडाबाट कोषको ६२औं बार्षिकोत्सव मनाउने सन्दर्भमा विविध क्रियाकलापहरु सञ्चालन गरी हर्षोल्लास वातावरणमा भव्य र सभ्य तरिकाले सम्पन्न गरियो ।

मिति २०८० भदौ १९ मा वार्षिक उत्सव तथा अतिरिक्त क्रियाकलाप समितिको गठन गरी फुटसल, ब्याडमिन्टन, चेस, टेबल टेनिस र म्युजिकल चेयर आदि खेलहरू सम्पूर्ण कर्मचारीहरूको सहभागितामा सम्पन्न गरियो । २०८० भदौ ३१ खेलमा सहभागी भएका कर्मचारीहरू मध्ये विजयी हुने कर्मचारीहरूलाई सम्मान स्वरुप प्रमाणपत्र प्रदान गरियो ।

२०८० भदौ ३१ विहान भुटनदेवी मन्दिर र पशुपति मन्दिरमा बार्षिकोत्सव पूजा गरी कोषको उत्तरोउत्तर प्रगतिको कामना गरियो । बिहान सबै कर्मचारीहरूको सहभागितामा र प्रहरी सुरक्षाकर्मीहरूको साथमा प्रभातफेरीमा नगर परिक्रमा गरियो । दिउँसो हेटौडास्थित ओम वृद्धाश्रममा खाद्यन्न सहयोग सहित शुभकामना कार्यक्रम गरियो । साँझ कार्यालयमा दीपावली कार्यक्रम समेत गरिएको थियो ।

कोषको ६२ औ वार्षिक उत्सवको क्रममा हेटौडा शाखा कार्यालयमा आयोजित विभिन्न खेलकुद कार्यक्रमहरूका विजेता र उपविजेता कर्मचारीहरूमा फुटसल तर्फ विजेता बिष्णु प्रसाद बर्तौला, फाल्गुणी धिमाल, मकुन्देव चौधरी, हरिबोल श्रेष्ठ हेम्बा, निशा दाहाल, अन्जना अर्याल, मनिषा पौडेल, सुरेश चौधरी, नर बहादुर जाग्री, सकुल गिरि, प्रताप तमाङ, उप विजेता हरि कृष्ण कार्की, निमा डोमा शेर्पा, अतुल बास्कोटा, प्रभा ढुगांना ढकाल, सन्तोष बहादुर चन्द, नितिष कुमार चौधरी, मनिष कुमार कर्ण स्वस्तिका लामिछाने, ललन साह, शेर बहादुर भुजेल, पार्वती कोईराला बराल रहनु भएको छ ।  ब्याडमिन्टन महिला तर्फ विजेता निमा डोमा शेर्पा उप विजेता स्वस्तिका लामिछाने, ब्याडमिन्टन पुरूष तर्फ विष्णु प्रसाद बर्तौला विजेता अतुल बास्कोटा उप विजेता, टेबल टेनिस तर्फ विजेता नितिष कुमार चौधरी उप विजेता मनिष कुमार कर्ण र चेसमा विजेता नितिष कुमार चौधरी र उप विजेता विष्णु प्रसाद बर्तौला हुनु भएको थियो ।

# शाखा कार्यालय बुटवल

## ६२औं बार्षिकोत्सव सम्पन्न



शाखा कार्यालय बुटवलले कोषको ६२ औं वार्षिक उत्सवको उपलक्ष्यमा विभिन्न खेलकुद तथा अन्य गतिविधिहरु आयोजना गरी बार्षिकोत्सव मनाएको छ । शाखा कार्यालयद्धारा कोषको भाद्र ३१ गते बार्षिकोत्सवको अवसर पारेर कार्यालय समय अघि र पछि तथा बिदाको दिनमा सञ्चयकर्ताहरूको सेवाप्रवाहमा असर नपर्ने गरी सप्ताहव्यापी खेलकुद कार्यक्रमहरु सञ्चालन गरिएको थियो । सप्ताहव्यापी खेलकुद कार्यक्रम अन्तर्गत शाखा कार्यालयका कर्मचारीहरूको सहभागितामा चेस, फुटसल, हट बल, आदि कार्यक्रमहरू आयोजना गरिएको थियो ।

भाद्र ३१ गते शाखा कार्यालयमा आयोजित कोषको ६२औँ बार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै शाखा कार्यालय प्रमुख कृष्ण बहादुर जी.सी.ले देशको अग्रणी सामाजिक सुरक्षा प्रदायक संस्थाको रूपमा स्थापित कोषको ६२ औं बार्षिकोत्सवको उपलक्ष्यमा कोषका सम्पूर्ण सञ्चयकर्ता, कर्मचारी, तथा शुभेच्छुक संघसंस्था तथा सरोकारवाला निकायहरूलाई शुभकामना दिंदै शाखा कार्यालयका कर्मचारीहरूलाई कोषको थप उन्नति तथा प्रगति र सञ्चयकर्ताहरुको सेवामा उत्साहपूर्वक योगदान गर्न अनुरोध गर्नुभएको थियो । सो अवसरमा शाखा कार्यालय प्रमुख कृष्ण बहादुर जी.सी.बाट शाखा कार्यालयमा सञ्चालित सप्ताहव्यापी खेलकुदका विजयी कर्मचारीहरूलाई पदक वितरण तथा बधाई ज्ञापन गर्नुभएको थियो ।




# शाखा कार्यालय सुर्खेत

## ६२औं बार्षिकोत्सव सम्पन्न




शाखा कार्यालय सुर्खेतको नयाँ भवन निर्माण कार्य सम्पन्न भई मिति २०८०/०६/२९ देखि नवनिर्मित भवनबाट सेवा प्रवाह सुरू गरिएको छ । सुर्खेत जिल्लाको जिल्ला सदरमुकाम रहेको वीरेन्द्रनगर नगरपालिका वडा नं. ८ इतराम स्थित उक्त भवनबाट कोषले सेवा प्रवाह सुरू गरेको हो ।

Sunlight/YSS JV कम्पनी प्रा.लि. ले निर्माण गरेको उक्त भवन निर्माण परियोजना निर्धारित अवधिभन्दा करिव एक वर्ष ढिलो गरी निर्माण सम्पन्न भएको हो । कम्पनीका सञ्चालक याम बहादुर बिसीले भवन हस्तान्तरण गर्ने सम्बन्धमा अनुरोध गर्नुभएको थियो । कोषका प्रबन्धक तथा साइट इन्जिनियर रामप्रसाद राई तथा आयोजना प्रमुख तथा शाखा कार्यालय सुर्खेतका कार्यालय प्रमुख रवि तामाङबाट निरीक्षण भई उपयुक्त ठहऱ्याइएकोमा मिति २०८०/०७/०१ का दिन एक समारोहका बिच कम्पनीका सञ्चालक बिसीबाट भवनको साँचो कार्यालय प्रमुख तामाङ्लाई बुझाई औपचारिक रूपले भवन हस्तान्तरण गर्नुभयो । उक्त अवरमा कोभिड १९ महामारी, सरकारबाट गरिएको लकडाउन तथा तथा अन्य प्रतिकूलताका कारण निर्माण सामग्री आपूर्ती लगायत समस्याका कारण निर्माण अवधि थप गर्नु परेको र थप गरिएको अवधि भित्रै आयोजना सम्पन्न भएको कुरा JV कम्पनीका सञ्चालक बिसीले जानकारी गराए ।

२०५१ सालमा बाँके जिल्लाको नेपालगञ्जमा स्थापना भएको शाखा कार्यालय २०६० सालमा सुर्खेत जिल्लाको वीरेन्द्रनगरमा स्थानान्तरण भएको र हालसम्म विभिन्न भवनहरू भाडामा लिई सेवा प्रवाह गरिरहेको थियो । नव निर्मित भवनमा सेवाग्राहीका लागि सोधपुछ तथा गुनासो सुनुवाइ कक्ष, नागरिक वडापत्र, प्रतीक्षालय तथा सेवाप्रवाहका लागि आवश्यक हुने पर्याप्त स्थान रहेको छ । सुरक्षाकर्मीका लागि गार्डहाउस तथा भान्छा, कार्यालय प्रमुखका लागि आवास तथा खेलमैदान समेतको व्यवस्था गरिएको उक्त भवनमा सेवाप्रवाहका लागि आवश्यक आधुनिक उपकरणहरू जडान गरिएको छ । कार्यालय प्रमुख तामाङ्ले कार्यवातावरणमा सुधार गरी सेवाप्रवाहलाई प्रभावकारी र उत्पादक बनाउन नवनिर्मित भवनको भौतिक संरचना उपयुक्त रहेको विश्वास व्यक्त गर्नुभएको छ । हरियाली बगैचासमेतको व्यवस्थाका कारण यस कार्यालयको सेवा वातावरणमैत्री रहने पनि उहाँको विश्वास रहेको छ ।

# शाखा कार्यालय जनकपुर

## ६२औं वार्षिकोत्सवमा विविध खेलकुद कार्यक्रम सम्पन्न



शाखा कार्यालय जनकपुरको आयोजनमा कोषको ६२औं वार्षिकोत्सवको उपलक्ष्यमा विविध खेलकुद कार्यक्रम सञ्चालन भएको थियो । भाद्र १८ गते बाट सञ्चालन भएको खेलकुद कार्यक्रम भाद्र २९ गते सम्पन्न भएको थियो । खेलकुद अन्तर्गत ब्याडमिन्टन, बुद्धिचाल र दौड प्रतियोगिता सम्पन्न भएका थिए । प्रत्येक खेलवाट प्रथम र द्वितीयलाई पुरस्कृत गरिएको थियो ।

ब्याडमिन्टनमा तेज प्रसाद खनाल र लोकनाथ ताजपुरियाको जोडी प्रथम हुनु भएको थियो । बुद्धिचाल खेलमा तेज प्रसाद खनाल प्रथम र दौड प्रतियोगितामा अनिल सिंह बिष्ट प्रथम भएका थिए । वार्षिकोत्सवको दिन भाद्र ३१ गते विजयी खेलाडीहरूलाई पुरस्कार वितरण, प्रभातफेरी र दिवाभोज कार्यक्रम गरी वार्षिकोत्सव कार्यक्रम हर्षोल्लासका साथ सम्पन्न गरिएको थियो ।

# शाखा कार्यालय कोहलपुर

## पुरस्कार वितरण



कोषको ६२ औं वार्षिकोत्सवको अवसरमा शाखा कार्यालय कोहलपुरद्वारा विभिन्न खेलकुद कार्यक्रमहरु आयोजना गरी हर्षोल्लासका साथ भव्य रुपमा मनाइयो । उक्त अवसरमा कोषमा कार्यरत कर्मचारीहरुबीच ब्याडमिन्टन, टेबल टेनिस, म्युजिकल चेयर र घैटो फुटाई प्रतियोगिता सम्पन्न भएको थियो । सम्पन्न भएका खेलकुद कार्यक्रमहरुमा ब्याडमिन्टन प्रतियोगितामा दिनेश कुमार चौधरी र निम बहादुर बस्नेतको जोडीले प्रथम स्थान हासिल गरेको थियो भने शशि कुमार देवकोटा र अमर बहादुर चन्दको जोडीले द्वितीय स्थान हासिल गर्नुभएको थियो । त्यस्तै, टेवल टेनिस प्रतियोगितामा भक्ति प्रसाद चालिसे प्रथम र शशि कुमार देवकोटा द्वितीय हुनुभएको थियो । म्युजिकल चेयरमा दत्त बहादुर चन्दले जित हासिल गर्नुभएको थियो भने घैटो फुटाई प्रतियोगितामा दीपा ढकालले जित हासिल गर्नुभएको थियो । विजेता कर्मचारीलाई पुरस्कृत समेत गरिएको थियो ।

# सेवा केन्द्र धनकुटा

## ६२ औं वार्षिकोत्सव कार्यक्रम






कोषको ६२ औं बार्षिकोत्सवलाई हर्षोल्लास रूपमा मनाउन सेवाकेन्द्र धनकुटामा कर्मचारीहरूबीच चेस, म्युजिकल चेयर, हाँडी फोर खेल तथा अन्य विविध कार्यक्रम सञ्चालन गरी ६२ औं वार्षिकोत्सव कार्यक्रम भव्य रूपमा सम्पन्न गरियो । साथै भदौ ३१ गते धनकुटास्थित निशान भगवती मन्दिरमा सेवा केन्द्रका कर्मचारीहरु गई पूजा गरी मन्दिरमा रहेका श्रदालु भक्तजनहरूलाई प्रसाद वितरण गरिएको थियो ।

## अन्तरक्रिया र KYC Update कार्यक्रम सम्पन्न



सेवा केन्द्र धनकुटाद्वारा मिति २०८० असोज २२ र २३ गते भीमदल गण धनकुटा र बाहिनी २ मा क्रमशः १०४ र २०५ जना नयाँ सञ्चयकर्ताहरूको On-site KYC Update कार्य सम्पन्न गरियो । सो अवसरमा सहायक प्रबन्धक द्वय देवानन्द वैजनाथ, मोहम्मद अकमल आलम र सहायक अभय निरौलाद्वारा कोषद्वारा प्रदान गरिने सेवा सुविधाबारे जानकारीमूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

# सुरक्षित भविष्यको लागि सञ्चय कोष तथा निवृत्तभरण कोष

**कर्मचारी सञ्चय कोष सम्पूर्ण सञ्चयकर्ता तथा निवृत्तभरण योजनाका योगदानकर्ताको सन्तुष्टि प्रति सदैव समर्पित रहने संकल्प सहित कोषका सेवा तथा सुविधालाई थप गुणस्तरीय र दिगो बनाउने प्रतिवद्धता व्यक्त गर्दछ ।**

## (१) सञ्चयकर्ता विवरण:

| विवरण | योगदानकर्ता | योगदानकर्ता कार्यालय |
|---|---|---|
| सञ्चय कोष | ५ लाख ८२ हजार | २७ हजार ६ सय |
| निवृत्तभरण कोष | ६३ हजार ३ सय | ३ हजार २ सय |

## (२) आ.व. २०७९/८० को अनुमानित वित्तीय अवस्था :

| विवरण | सञ्चय कोष | निवृत्तभरण कोष | जगेडा कोष | दायित्वहरु | कूल स्रोत | कुल लगानी | बचत |
|---|---|---|---|---|---|---|---|
| रकम रु. अर्वमा | ४६१.७८ | ६.५१ | ३८.१० | ५.६५ | ५१२.०४ | ५०३.७४ | ४.७२ |

## (३) वित्तीय सुविधाहरु:

**(क) ब्याज तथा मुनाफा:** कोष रकममा ब्याज दर : ७.५ प्रतिशत
मुनाफा : १.२० प्रतिशत (आर्थिक वर्ष २०७८/७९ को शुरु मौज्दातमा)

**(ख) सापटी, सीमा र ब्याज दर :**

| विवरण | विशेष सापटी | घर सापटी | शैक्षिक सापटी | सरल चक्रकर्जा | घर मर्मत सापटी | जग्गा खरिद सापटी |
|---|---|---|---|---|---|---|
| सापटी सीमा | कोष रकमको ८० प्रतिशतसम्म | रु.१ करोडसम्म | रु.२५ लाखसम्म | रु.३० लाखसम्म | रु.२५ लाखसम्म | रु. १ करोडसम्म |
| ब्याजदर | ८.६० प्रतिशत | ९.२५ प्रतिशत | ९.२५ प्रतिशत | ९.७५ प्रतिशत | ९.२५ प्रतिशत | ९.७५ प्रतिशत |

**(ग) ब्याजमा छुट:** धितोमा आधारित कर्जाको ब्याज त्रैमासिक रुपमा भुक्तानी गरी नियमित गर्ने सञ्चयकर्ताको सम्बन्धित त्रैमासमा ०.२५ प्रतिशतले छुट दिने व्यवस्था गरिएको ।

## (४) सामाजिक सुरक्षा सुविधाहरु:

**(क) सञ्चयकर्ता स्वास्थ्योपचार योजना:** सञ्चयकर्तालाई **साधारण रोग**को लागि उपचार गराएको हकमा प्रत्येक आर्थिक वर्षमा रू. १ लाखसम्म र **घातक रोग**को उपचारको हकमा सेवा अवधि भरिमा अधिकतम रु. १० लाखसम्म रकम सोधभर्ना प्रदान गरिने ।

**(ख) सुत्केरी तथा शिशु स्याहार सुविधा:** प्रति प्रसूति रु.७,५०० (२ सन्ततिका लागि),

**(ग) दुर्घटना क्षतिपूर्ति योजना:** निज वा निजको हकवालालाई रु.२ लाख,

**(घ) काजक्रिया अनुदान:** हकवालालाई रु.४० हजार ।

## (५) कोषका कार्यालयहरु :

उपत्यकास्थित : पुल्चोक, ठमेल, लगनखेल र सिंहदरबार ।
उपत्यकाबाहिर : विराटनगर, जनकपुर, हेटौंडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत, धनगढी र धनकुटा ।

**सम्पादन तथा प्रकाशन: योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभाग**

**कर्मचारी सञ्चय कोष**
पुल्चोक, ललितपुर
फोन नं.: ५०१०१६५, ५०१०१६६